जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३४ अंक १८२ २०८१ साल फागुन ५ गते सोमबार (17 Feb. 2025 Monday) मूल्य रु. ५/-

**लागु औषधको दुर्व्यसनबाट टाढा रहौं**

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं।

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : स्थानीय सञ्चारगृह र ... ३ पृष्ठमा : विदेशी मुद्रा अपचलन ... ३ पृष्ठमा : रेलवे स्टेसनमा भागदौड हुँदा ...

## बलान बिहुलको विशेष गाउँसभा बिरुद्धमा उभिए उपाध्यक्षसहित चार वडाअध्यक्ष



**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

बलान विहुल गाउँपालिकाका अध्यक्षले विशेष गाउँसभा गरेर मनपरी ढंगले बजेट निर्धारण गरेको भन्दै उपाध्यक्ष रेणु यादव सहित ४ वडाध्यक्षले त्यसको विरोध गरेका छन् ।

आफुहरुको अधिकार कटौती गर्ने मनसायका साथ अध्यक्ष खेमचन्द्र यादवले विशेष गाउँसभा सम्पन्न गरेको बताउँदै उपाध्यक्ष रेणु सहित ४ जना वडाअध्यक्ष विरोधमा उत्रिएका हुन् ।

कुल ६ वटा वडा रहेको पालिकामा उपाध्यक्ष यादव संगै वडा नम्बर १ का वडाअध्यक्ष राम कुमार यादव, वडा नं २ का वडाअध्यक्ष इन्द्र देव यादव, वडा नं ४ का वडाअध्यक्ष लक्ष्मी नारायण झा, र वडा नं ६ का वडाअध्यक्ष सूर्य कुमार दास विशेष गाउँसभको विरोधमा उत्रिएका छन् ।

गत फागुन २ गते अध्यक्ष यादवले विषेश गाउँसभा बोलाएर आफुहरुले संविधान कानुन बमोजिम पाएको अधिकार कटौती गर्दै मनपरी ढंगले बजेट निर्धारण गरेकोले सो निर्णय बदर गर्नुपर्ने उनीहरुको माग छ ।

आईतबार उपाध्यक्ष रेणु तथा ४ जना वडाअध्यक्षले पत्रकार सम्मेलनको आयोजना गरी गत असार १० गतेको गाउँसभाले पारित गरेको बजेट तथा निर्णय कार्यान्वयन नगरिए अध्यक्ष विरुद्ध आन्दोलन गर्ने चेतावनी समेत दिएका छन् ।

पत्रकार सम्मेलनमा उनीहरुले उपाध्यक्ष र वडाअध्यक्षहरुको अधिकार सुनिश्चित हुनु पर्ने, पछिल्लो फागुन २ गते एकलौटी ढंगले गरिएको विशेष गाउँसभा बदर गरी गत असार महिनामा भएको गाउँसभाको निर्णय कार्यान्वयन हुनु पर्ने उनीहरुको माग छ ।

उनीहरुले न्यायिक समिति, बजेट तथा कार्यक्रम तर्जूमा समिति, राजश्व परामर्श समिति र अनुगमन समितिका संयोजक तथा गाउँसभामा निति तथा कार्यक्रम प्रस्तुत गर्ने प्रमुख अधिकारीको रुपमा स्थानीय सरकार संचालन ऐनले नै उपाध्यक्षलाई संवैधानिक अधिकार प्रदान गरेको भन्दै उनको अनुपस्थितीमा एकलौटी ढंगले गरिएको विषेश गाउँसभाको निर्णयहरु कानुनी

*बाँकी अन्तिम पृष्ठमा*

## तेह्र लाख किशोरीलाई लगाइयो एचपिभी खोप

**दैनिक समाचारदाता**
**काठमाडौं, ४ फागुन ।**

पाठेघरको मुखको क्यान्सरबाट बचाउने उद्देश्यले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले सञ्चालन गरेको एचपिभी खोप अभियानबाट १३ लाख किशोरीले खोप प्राप्त गरेका छन् ।

अभियानको १२औं दिन शनिबारसम्म १३ लाख किशोरीले खोप लिएका स्वास्थ्य सेवा विभागको परिवार कल्याण महाशाखा प्रमुख डा विवेककुमार लालले जानकारी दिएका छन् ।

स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री प्रदीप पौडेलले हालसम्म अभियानलाई सफल पार्न खट्ने सबै स्वास्थ्यकर्मीहरू, स्वयंसेवक, सहयोगी विद्यालयलगायत सबै सहयात्रीहरूलाई अनवरत मेहनतका गरेकामा धन्यवाद ज्ञापन गरे ।

गत माघ २२ गते सुरु भएको अभियान यही फागुन ६ गतेसम्म सञ्चालन हुनेछ । अभियानका क्रममा कक्षा ६ देखि १० का छात्रा र १० देखि १४ वर्षका किशोरीलाई स्थानीय तहमा रहेका केन्द्रहरूमार्फत खोप लगाइएको हो ।

मन्त्री पौडेलको सचिवालयका अनुसार अभियानका क्रममा करिब १७ लाख किशोरीलाई खोप लगाउने लक्ष्य छ । मुलुकमा पाठेघरको मुखको क्यान्सरका कारण ज्यान जाने महिलाहरूको सङ्ख्या उच्च छ । सानै उमेरमा खोप प्रदान गरेर यो समस्या कम गर्ने योजनाअनुसार निरोधात्मक विधिअन्तर्गतका कार्यक्रम सरकारले कार्यान्वयन गरिरहेको छ ।

## कृषि विश्वविद्यालयको समस्या समाधान नगरिए आन्दोलन गर्ने संयुक्त विद्यार्थी संगठनको चेतावनी

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

संयुक्त विधार्थी संगठन सप्तरीले मधेश कृषि विश्वविद्यालयका कर्मचारीहरुले तलब नपाएको भन्दै गरेको तालाबन्दीको घटनाप्रति आइतबार मुख्यमन्त्री तथा मन्त्री परिसदको कार्यालय मधेस प्रदेशलाई ज्ञापन पत्र बुझाएको छ ।

प्रमुख जिल्ला अधिकारी भोला दाहालमार्फत आइतबार बुझाइएको ज्ञापन पत्रमा समयमा समस्या समाधान नगरी विद्यार्थीको भविष्यसँग खेलवाड गरे संयुक्त विधार्थी संगठन सप्तरी चरणबद्ध आन्दोलन गर्न बाध्य हुने र



आन्दोलनबाट उत्पन्न हुने परिस्थितीको जिम्मेवारी मधेश प्रदेश सरकारले लिनु पर्ने चेतावनी समेत दिइएको छ ।

समाजवादी विद्यार्थी युनियन नेपाल सप्तरीका अध्यक्ष श्याम कुमार यादव, अनेरास्ववियु सप्तरीका इन्चार्ज मनिषा कुमारी साह, अनेरास्ववियु सप्तरीका अध्यक्ष सत्य नारायण चौधरी, लोकतान्त्रिक विद्यार्थी संघ सप्तरीकाका अध्यक्ष महेश कुमार यादव, स्वतन्त्र विधार्थी युनियन मविव क्याम्पसका अध्यक्ष रन्जित कुमार यादव र अखिल कान्तिकारी सप्तरीका

*बाँकी अन्तिम पृष्ठमा*

## बेलुन विष्फोट घटना : छानविन समिति गठन

काठमाडौं, ४ फागुन (रासस) ।

शनिबार पोखरामा आयोजित 'पोखरा भ्रमण वर्ष २०२५' उद्घाटन समारोहमा भएको बेलुन विस्फोट घटनाको छानबिन गर्न आठ सदस्यीय समिति गठन भएको छ ।

गृहमन्त्री रमेश लेखकले कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेको संयोजकत्वमा आठ सदस्यीय छानबिन समिति गठन गर्नुभएको हो । समितिलाई १५ दिनभित्रमा छानबिन प्रतिवेदन पेस गर्ने कार्यादेश छ ।

मन्त्रीस्तरीय निर्णयबाट गठित समितिमा पोखरा महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शिवराज चौलागाई, कास्कीका प्रहरी प्रमुख प्रहरी उपरीक्षक श्यामबाबु ओलिया, सशस्त्र प्रहरीका २४ नम्बर गण बाहिनीका प्रमुख सूर्यप्रसाद तिमिल्सिना, राष्ट्रिय अनुसन्धान कास्की जिल्ला कार्यालयका उप अनुसन्धान निर्देशक सुरेशकुमार तिवारी सदस्य र कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी गङ्गाबहादुर क्षेत्री सदस्य सचिव रहेको समिति गठन गरिएको हो । समितिमा एक जना विष्फोटक पदार्थविज्ञसमेत सदस्यका रूपमा रहने व्यवस्था गरिएको छ ।

समारोहमा बेलुन उडाउने क्रममा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेल र पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्य घाइते हुनुभएको छ । उहाँहरू दुवै जनाको कीर्तिपुरस्थित बर्न अस्पतालको सघन उपचार कक्षमा उपचार भइरहेको छ ।

छानबिन समिति गठन गरेपछि गृहमन्त्री लेखक बर्न अस्पताल पुगेर उहाँहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुभएको थियो ।

**साइवर अपराधबाट बचौं ।**

➢सामाजिक सञ्जाल वा अन्य माध्यममा अश्लील श्रव्य, दृष्य वा श्रव्यदृष्य पोष्ट वा शेयर, लाईक नगरौं,
➢सामाजिक सञ्जालमार्फत कसैको चरित्रहत्या नगरौं,
➢सामाजिक सञ्जालमार्फत अमर्यादित कार्य नगरौं,
➢सामाजिक सञ्जाल मार्फत गालीगलौज नगरौं,
➢सामाजिक सञ्जालमा भ्रमपूर्ण सूचना तथा समाचार नराखौं,
➢विद्युतीय माध्यममार्फत कुनै ठगी नगरौं ।

यस्तो कार्य गर्ने गराउनेलाई कानूनी कारवाही हुन्छ ।
कानूनी कारबाहीबाट आफू पनि बचौं, अरुलाई पनि बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# ध्वनी प्रदुषण बिरुद्ध प्रशासनको सह्रानिय कदम

बढ्दै गएको ध्वनी प्रदुषणलाई लक्षित गरि स्थानिय प्रशासनले ढिलो भएपनि कदम चाल्न बाध्य भएको छ। विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रम गर्ने/मनाउने क्रममा सार्वजनिक बाटोमा अत्यधिक ठूलो स्वरमा बाजा/डिजे बजाउँदा ध्वनि प्रदूषण हुने भएकोले कडा चाल्नु प्रशासनको सह्रानिय कार्य हो। मानवीय स्वास्थ्य, अध्ययनको वातावरण समेतमा असर पर्ने भएकोले शान्ति सुव्यवस्था कायम हुने गरी उक्त कार्यहरु गर्दा शान्तिपूर्ण वातावरणमा आआफ्नो घर तथा विवाह हुने स्थानमा अरु व्यक्तिहरुलाई असर नपर्ने गरी बाजा/डिजे बजाई विवाह, चाडपर्व तथा अन्य साँस्कृतिक कार्यक्रमहरु गर्न सबैमा आग्रह समेत गरिएको छ।

ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई विभिन्न खालका समस्या हुने गरेको छ। अहिले सबैभन्दा बढी धार्मिक कार्यक्रमहरुका कारण ध्वनी प्रदुषण भइरहेको छ। राती अबेरसम्म र एका बिहानैदेखी ठूला ठूला स्वरमा लाउडस्पिकर बजाएर धार्मिक गित तथा प्रवचन बजाइने गरिन्छ। यस बाहेक बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको हो। हुन त एक दशकअघि नै जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाएको थियो। तर त्यो फैसलाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेकोले हाल ध्वनी प्रदुषणले झनै प्रोत्साहन पाएको छ। यसरी अदालतको फैसला कार्यान्वयन नहुनु आफैमा दुःखद पक्ष हो। अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी नबढ्दा नगरका मुख्य बजारहरुमा अहिले पनि चर्को स्वरमा लाउडस्पिकर बजाउने कार्य जारी नै रहेको छ। ध्वनी प्रदुषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै मुटुरा रोगी, बालबालिकालाई बढी जोखिम हुने गरेको छ। यसले रातीको निन्द्रा बिगार्ने काम समेत गर्दछ।

यस्ता कार्यलाई रोक्न स्थानिय प्रशासनले चालेको कदम कतिको कार्यान्वयन हुने कुरा आउँदो समयले नै देखाउने छ। सर्वसाधारणका लागि अहिले चालिएको कदम सह्रानिय रहेको छ। तसर्थ अदालतको आदेश पालना गर्न स्थानिय प्रशासनले ढिलाई गरे पनि तत्कालका लागि सर्वसाधारणले राहत पाउने कुरामा दुई मत नहोला।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली स्वास्थ्य क्लिनिक, राजविराज
Mo. No : 9842830252, 9804605569


# स्थानीय सञ्चारगृह र राससको विश्वसनीयता

**रामकुमार एलन**
काठमाडौँ, ४ फागुन (रासस)।

राष्ट्रिय समाचार समिति (रासस) अब सरकारको पेटबोलीमा मात्र सीमित छैन। रासस जनताको घरदैलोको सिर्जना, उद्यम, सफलता, सम्भावना र सपनाको पनि प्रमुख 'बुलेटिन' बनिरहेको छ। यसैले उसले दिने समाचारले दूरदराजका विषयवस्तुलाई पनि क्षणभरमै संसारभर प्रसार गरिदिन्छ। सरकारी सञ्चारमाध्यम रेडियो नेपाल, गोरखापत्र र नेपाल टेलिभिजनले भन्दा अगाडि अहिले स्थानीय सञ्चारमाध्यम अझ 'अनलाइन न्युजपोर्टल'ले जनताका विषयवस्तुमा लेखेका कैयौँ समाचारको अग्रभाग या पुछारमा एउटा शब्द झुन्डिन्छ, त्यो हो 'रासस।' अर्थात् सामग्रीमा सत्यता, यथार्थता र प्रमाणीकरणसहितको राज्यको दृष्टिमा समाचार बन्ने आमनागरिकका मुखरित हुन नसकेका विषय व्यापारिक स्वार्थ राखेर समाचार नबनाउने र 'कर्पोरेट'को वकालत गर्नेहरूबाट बहिष्करणमा परेका विषय पनि राससका समाचार हुने गरेका छन्। यसैले पछिल्लो समय कर्पोरेट सञ्चारगृहका पानाहरूमा पनि जनताको समाचार देखिन थालेका छन् र त्यसमा दुई तिहाइको हिस्सा लगभग राससले ओगट्न थालेको छ। यो नै पछिल्लो समय सरकारी सञ्चारमाध्यम राससको ठूलो सफलता हो।

सरकारका मात्र कुरा गर्ने, मन्त्री, नेता, सत्ता पक्षको औपचारिक सम्बोधनलाई प्रमुख समाचार बनाउने पुरातन शैलीको समाचार उद्योगबाट राससले आफूलाई सर्लक्कै व्यावसायिक घरानाको परिष्कृत समाचार गृह बनाउने जमर्कोमा सफलता पाइरहेको छ। यसका अलावा राज्यका निकायको आधिकारिक सन्देश सञ्चारकर्ममा पनि रासस नै एकमात्र विकल्प हो। राष्ट्रिय पर्व, स्थानीय परम्परा, सम्पदा र सभ्यता अनि संस्कारसँगै उन्नति-प्रगतिका विषयमा रासस निःस्वार्थ समाचार लेखिरहेको छ।

किसानका बारीमा १६ किलोको काउली फलेका विषय अचेल कृषि पत्रकारितामा पनि नदेखिने समाचार भइरहँदा राससले जनताका अप्रकाशित यस्ता कैयौँ विषयमा मारेको फड्कोले समाचार गृह चाहिँ पत्रकारविहीन बन्दैछन्। किनभने राससको बुलेटिनमा दैनिक लेख आउन थालेको छ। स्थानीय लेखक, पत्रकार, नेता, नागरिक समाजका सदस्य अचेल लेख्न छाडे, यसैले राससकै केही बढी शब्द भएका आलेख र समाचारलाई लेख बनाएर या कुनै अनलाइनका लेख तानेर पाना भरिरहँदा राससले राज्य तहबाट मुखरित हुनुपर्ने विषयमा सान्दर्भिक लेख प्रसार गर्न थालेपछि लेखकहरू राससप्रति आकर्षित भएर लेख्न थालेका छन्भने स्थानीय अखबारहरूको 'लेखकीय अनिकाल'मा रासस रामबाण बनेर उभिएको छ। यसैले अहिले स्थानीय सञ्चारगृहमा राष्ट्रियस्तरका लेखक उदाएका छन्। यसले गरेको महत्वपूर्ण काम हो, कुनै अनलाइनका रुचि र स्वार्थमा लेख्न लगाइएका लुकेका अदृश्य सन्देश प्रसार अब मोफसल या स्थानीय सञ्चारगृहमा छापिन रोकिएको छ।

पछिल्लो समय पत्रकारितामा सम्भावना कम देखेर पत्रकार पलायन भइरहेका छन्। सबैले यसै भन्ने गरेका छन्। र, पत्रकारले कम लेख्न थालेपछि पत्रकारितामाथि सामाजिक सञ्जाल हाबी भइरहेको छ। नागरिक पत्रकारिताका नाममा वैयक्तिक विषयवस्तुमा प्रहार गर्ने र त्यसबाट 'डिजिटल प्लेटफार्म'मा 'भ्युज' र रकम कमाउने विषयवस्तु पनि पत्रकारितामा जोडिन थालेको छ। जस्तोः झापाको एउटा ज्येष्ठ नागरिक र युवतीको सम्बन्धका विषयलाई बाहिर ल्याएर ठूलो विषयवस्तु बाहिर ल्याउन सफल भए झैँ देखाउन खोजिएको छ। त्यसलाई पत्रकारिता मान्ने र नागरिक अचेल भिडियोमा गए, पत्रिका, अनलाइन पढ्न, रेडियो सुन्न अनि टेलिभिजन हेर्न छाडे भन्ने भाष्य निर्माण भइरहेको छ। स्थानीय वडा प्रहरी कार्यालयको मुद्दा शाखाको सामान्य वारदात हो त्यो घटना। उनीहरूको सम्बन्ध थियो-थिएन, बच्चा कसको हो, अनुसन्धानका विषय हुन्। कुनै पनि आरोप लागेका व्यक्तिको यसरी अझ ज्येष्ठ नागरिकलाई हुर्मत लिने संस्कार र प्रवृत्ति समाजमा हुर्किरहेको छ। यसलाई बेलैमा पत्रकारिताले बोल्ने र राज्यलाई यस्ता घटनाक्रमलाई अनुसन्धान गरेर हिरासत या पुर्पक्षको विषय बनाउन भनेर हामी पत्रकारले नभन्नाले, नलेख्नाले, नदेखाउनाले आज हाम्रो पत्रकारिताको हुर्मत लिइएको छ। असामाजिक र असहिष्णु बनिरहेको समाजमा यस्ता सामग्रीले एकातिर पत्रकारिता मारिरहेको छ, अर्कातिर राज्यप्रणाली, व्यवस्था र व्यक्तिका गोपनीयता कायम गरिनुपर्ने विषयलाई पनि बाहिर ल्याएर समस्या बनाइँदैछ। यस्तो अवस्थामा हामीले यो विषयलाई कसरी पस्कने, किन पस्कने र यसले नेपाली जनताको रोजिरोटी, दैनिकी, सभ्यता, संस्कार र आपराधिक मनोवृत्ति नियन्त्रणमा कसरी उचित सन्देश दिन सक्छौँ भनेर पत्रकारिता नबोल्दा यस्ता कैयौँ घटना वश इन्टरनेट साक्षर दुनियाँका लागि समय बिताउने सामग्रीमा सीमित छ। सरकारी सञ्चारमाध्यम राससले चाहिँ स्थानीय सञ्चारगृहमा अभाव भइरहेको समाचारको खाडल भर्न दिइरहेको सामग्रीले यस्ता विकृत सामग्रीबाट स्थानीय मिडिया बचाइरहेको छभन्दा फरक पर्दैन। जुन कर्मले स्थानीय पत्रकार पलायन भए पनि सञ्चारगृह समाचार सामग्री अभाव खेप्न विवश छैन।

पछिल्लो समय राससका समाचार राष्ट्रिय मिडिया अझ आफूलाई मूलधारका अनलाइन भन्नेहरूलाई 'मसला' नै भइरहेका छन्। उनीहरूले प्रसार गरेको विषयलाई काटकुट पारेर देशभरका रेडियोहरूले प्रमुख समाचार बनाइरहेका छन्। उसो त रासस लिने रेडियोहरू पनि बढिरहेका छन्। आफ्ना भूगोलका समाचारलाई प्राथमिकताका साथ बजाउने, प्रकाशन गर्ने र देखाउने काममा अचेल पढिएका, सुनिएका र हेरिएका समाचारमा रासस नै हाबी भइरहेको छ। राससमा स्थानीय समाचारदाताहरू औपचारिक कार्यक्रमबाट गैरहाजिरी भएर अप्रकाशित र अनौपचारिक जीवनशैली समेट्ने समाचार उत्पादन, खोजी र प्रसारमा सक्रिय भएका छन्। अहिले एक हजार शब्द लेख्ने पत्रकार समाजमा अभाव भइरहँदा राससका समाचारदाताहरूको लोभलाग्दो मेहनत देखिन्छ। यति मात्रै होइन, राससले जिल्लामा राखेका कैयौँ पत्रकारहरू अरू जिल्लाबाट गएर त्यहाँ समाचार खोजेर आफूलाई समाजमा स्थापित गर्न कामयाव देखिएका छन्।

सरकारी 'जागिरे जीवन'सँग जोडिने निष्क्रियता र आलस्यपनबाट मुक्त भएर समाचारदाताहरू समाचार खोज्न थालेपछि कैयौँ जिल्लाका समाचारका विषयवस्तु राष्ट्रियस्तरका सञ्चारगृहका स्थानीय प्रतिनिधिले पनि नलेखेका आउन थालेपछि स्थानीय रेडियो, पत्रिका र टेलिभिजनमा यस्ता सामग्री प्राथमिकतामा परिरहँदा जनतामा पनि राससप्रति भरोसा बढेको छ। राससलाई समाचार दिइयो भनेर धेरैतिर समाचार आउँदोरहेछ भन्ने समाजको मनोदशा बनेको छ। यो सकारात्मक पाटोलाई सक्रिय बनाउन राससले आफ्ना स्थानीय समाचारदातालाई अरू क्रियाशील बनाइरहन जरुरी देखिन्छ।

पत्रकारको अभावमा समाचारको खडेरी परिरहँदा पछिल्लो समय राससले दिन सुरु गरेको श्रव्य र दृश्य सामग्रीले पनि समाचार गृहलाई ठूलो राहत भएको छ। खोजीका समाचार, आलेख चौबिसै घण्टा प्रसार भइरहँदा रासस लिएर मात्रै पनि अनलाइन सञ्चारमाध्यमहरू सञ्चालनको वातावरण बनेको छ। समाचारदातालाई पारिश्रमिक दिन नसक्ने, लेखिएका समाचारलाई छरितोसँग काँटछाँट गर्न सम्पादक अभाव भइरहँदा राससले यसको अभाव टारिदिएको छ। भाषाशैली, सम्पादन, छरितो काँटछाँटसँगै समाचार आउनेबित्तिकै प्रसार हुने भएकाले स्थानीयस्तरका रेडियो, अनलाइन प्रभावकारी भएका छन्। उनीहरूले समाचारदाता र समाचार सम्पादकलाई पारिश्रमिक दिन नसकेर पत्रकार नियुक्त गर्न नसकिरहँदा न्यून मूल्यमा राससले समाचार प्रवाह गरिरहेको छ र राज्यको तर्फबाट एक मात्र यस्तो प्रयास भइरहेको छ कि समाचारमूलक सञ्चारगृह अब पत्रकाररहित भए पनि सञ्चालनमा समस्या छैन, समाचार अभाव खेप्नुपर्ने छैन। राससका समाचार प्रसार गरेर पनि स्थानीय सञ्चारगृह बाँच्न सक्छन्, विज्ञापनको बजार बनाउन सक्छन् र बन्द हुनु पर्दैन भन्ने सन्देश जानु सकारात्मक पाटो हो। जुन समाचारले छापा माध्यमले खेपिरहेको 'हुबहु' आरोपबाट पनि मुक्त भएको छ। राज्यले दिने सेवासुविधामा सधैँ झन्झटिलो देखिने 'हुबहु' लगभग राससले विस्थापित गरेको छ। थोरै जनशक्तिबाट सञ्चारगृह चलाउन सकिन्छ भन्ने आशा सञ्चारगृहका सञ्चालका पलाएको देखिन्छ।

पछिल्लो समय राससले विभिन्न भाषाभाषीका समाचार पनि आरम्भ गरेर भाषा संरक्षणमा अर्को प्रयास गरेको छ। यसले नेपाली भाषाको एकलौटीलाई पनि विस्थापित गरेको छ। स्थानीय मातृभाषामा पनि समाचार सेवा सुरु हुँदा जनतामा घटिरहेको अखबार पढ्नेक्रम, रेडियो या टेलिभिजन हेर्ने र सुन्ने क्रमलाई बढाउन नसके पनि घट्न दिएको छैन। बिस्तारै यो क्रम बढ्ने नै छ। किनभने हरेकलाई आफ्नो भाषाको मोह छ। आफ्ना समाचार आफ्नै भाषामा आउँदा पक्कै पनि उनीहरूलाई मातृभाषाको मोहले तानिरहेको छ। राससले मैथिली भाषामा समाचार दिन थालेपछि हामीले केही दिन यसलाई एक पेज दिएर परीक्षण गरेर हेरेका थियौँ। यसको सन्देश सकारात्मक आयो। बरु पाठकहरूले भन्न थाले, 'राष्ट्रिय समाचारलाई अनुवादबाट मुक्त गरेर मैथिली भाषामै 'सुकुमार सामग्री' पढ्न पाए कति आनन्द आउँथ्यो!' यसको सन्देश हो, अब मातृभाषामा समाचार लेख्ने काम पनि जरुरी हुँदैछ, अनुवाद गरेर मात्रै मातृभाषाका समाचारले पाठक, श्रोता, दर्शक सन्तुष्ट छैनन्। यो काममा बृहत् सम्पादन कक्ष, समाचारदाताको गृह र समाचार सम्पादकहरू भएको राष्ट्रियस्तरको सरकारी सञ्चारमाध्यम रासस नै अघि बढ्नुपर्ने देखिन्छ।

राससले पछिल्लो समय स्थानीय सञ्चारमाध्यमलाई न्यून मूल्यमा यथेष्ट सामग्रीको छापा, श्रव्य, दृश्य सामग्री उपलब्ध गराइदिएपछि सञ्चारकर्मीविहीन सञ्चारगृहले प्राणवायुकै महसुस गरेका छन्। यो क्रम निरन्तर र अरू अग्रगामी सुधारसहित अघि बढाउन सके रासस अब सेवामूलकबाट बिस्तारै राज्यको आधिकारिक भनाइ प्रवाह गर्ने सरकारी सञ्चारमाध्यमका अलावा व्यावसायिक हिसाबले पनि आत्मनिर्भर बन्न सक्ने अवस्था बन्दै जानेछ। यसका लागि स्थानीय तह, प्रदेश सरकार र केन्द्र सरकारसँग राससले हातेमालोको अभ्यास पनि गरिरहेको देखिएको छ। यो अभ्यासले सार्थकता र निरन्तरता पाए स्थानीय तहबाट पनि सञ्चालित हुने ससाना सञ्चारगृह समाचार र पत्रकारको अभावबाट मुक्त हुनेमा त शङ्का छैन, ठूला र व्यावसायिक सञ्चारगृहलाई पनि यसले चुनौती थपेको छ कि राज्य तहले दिने सूचनाभन्दा कमसल सामग्री उत्पादनले अब व्यावसायिक घरानाका सञ्चारगृहहरू जनताको रोजाइबाट छाया पर्दै जानेछन्। अर्कातिर स्थानीयस्तरमा स्वार्थवश लेखिने समाचार र त्यो पढ्नैपर्ने, हेर्नैपर्ने र सुन्नैपर्ने बाध्यताबाट पनि– पाठक, दर्शक र स्रोत मुक्त भएका छन्। यस्ता स्वार्थका समाचार सामग्री पनि राससले विस्थापित गर्दै गएको छ। *(एलन, मधेस प्रदेशको राजधानी जनकपुरबाट प्रकाशित हुने मधेशदृष्टि दैनिकका सम्पादक हुन्)*

# विदेशी मुद्रा अपचलन गरेको भेटिए कारबाही हुन्छ : प्रधानमन्त्री

काठमाडौँ, ४ फागुन (रासस) । प्रधानमन्त्री केपी शर्मा ओलीले गैरकानुनी तवरबाट विदेशी मुद्रा अपचलन गरेको पाइए कानुनबमोजिम कारबाही हुने बताउनुभएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा सांसदहरूले सोधेका प्रश्नको जवाफ दिने क्रममा प्रधानमन्त्री ओलीले विदेशी विनिमय नियमित गर्ने ऐन, २०२१ अनुसार कानुनी कारवाही हुने स्पष्ट गर्नुभएको हो ।

उहाँले सूचना प्रविधिका क्षेत्रमा लगानी आदान–प्रदान भने हुनसक्ने गरी प्रबन्ध गरिएको जनाउनुभयो । "कसैले विदेशमा कुनै किसिमको सेक्युरिटी, विदेशी फर्मको साझेदारी, विदेशी बैङ्कमा खाता, विदेशस्थित घरजग्गामा लगानी गर्न नपाउने व्यवस्थाले उक्त कार्यलाई निषेध गरेकै अवस्था छ", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नेपालको संविधानको धारा २५ मा सम्पत्तिको हकअन्तर्गत प्रत्येक नागरिकलाई कानुनको अधीनमा रही सम्पत्ति आर्जन गर्ने, भोग गर्ने, बेचबिखन गर्ने, व्यावसायिक लाभ प्राप्त गर्ने र सम्पत्तिको अन्य कारोबार गर्ने हक हुनेछ भन्ने विषय समावेश गरिएकामा जग्गाको हदबन्दीको व्यवस्था र प्रगतिशील कर प्रणाली अवलम्बन गरिएबाट सम्पत्तिको सीमाङ्कनको प्रबन्ध भएकै छ ।"

प्रधानमन्त्री ओलीले नेपालको संविधानले आधारभूत तहसम्मको विद्यालय शिक्षा निःशुल्क र अनिवार्य एवं माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने व्यवस्था गरेबमोजिम कार्यान्वयन भइरहेको र स्रोतसाधनले भ्याएसम्म भविष्यमा विश्वविद्यालय शिक्षा निःशुल्क गर्न सकिने जनाउनुभयो ।

नेपालको संविधानको धारा, १६ मा रहेको सम्मानपूर्वक बाँच्न पाउने हकमा कसैलाई पनि मृत्युदण्डको सजाय दिनेगरी कानुन नबनाइने कुरा उल्लेख भएको र मृत्युदण्ड उन्मूलन गर्ने उद्देश्यले व्यवस्था भएको नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तरराष्ट्रिय प्रतिज्ञापत्रको दोस्रो स्वेच्छिक 'प्रोटोकल'को नेपाल पक्षराष्ट्र रहेको हुँदा भ्रष्टाचारीलाई मृत्युदण्ड गर्ने कानुनी व्यवस्था गर्न नमिल्ने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले संविधानको प्रस्तावनामा मुलुकको सामाजिक आर्थिक रुपान्तरणसहितको समावेशी, न्यायपूर्ण समतामूलक एवं लोककल्याणकारी तथा समाजवादोन्मुख अर्थतन्त्र भएको राज्य हुने व्यवस्था उल्लेख गरेको र प्रस्तावनाको यही भावनाअनुसार विभिन्न मौलिक हकहरूको व्यवस्था गरिएको जनाउँदै संविधानको धारा, ४३ मा सामाजिक सुरक्षाको हकको व्यवस्था गरिएको बताउनुभयो ।

उच्च आर्थिक वृद्धि, न्यायपूर्ण वितरण एवं विकासमा सबैको समान पहुँचमार्फत समाजवादोन्मुख अर्थतन्त्रमा पुग्न सकिने विषयलाई केन्द्रविन्दुमा राख्दै 'समृद्ध नेपाल सुखी नेपाली'को अवधारणालाई कार्यान्वयनमा लैजान वर्तमान सरकार प्रतिबद्ध रहेको बताउँदै समाजवादलाई मूर्तरुप दिन सामाजिक सुरक्षाका विभिन्न कार्यक्रमहरू प्रयोगमा ल्याएको बताउनुभयो ।

सामाजिक सुरक्षालाई सफल र प्रभावकारी बनाउन मानिसको जीवन चक्रका सबै चरणमा आइपर्ने जोखिम व्यवस्थापन गर्न महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, मजदुर एवं पिछडिएको क्षेत्रलाई राहत पुग्नेगरी सामाजिक सुरक्षाका योजनाहरू सञ्चालनमा ल्याइएको छ । सामाजिक सुरक्षा कोषलाई पनि सामाजिक सुरक्षाको महत्वपूर्ण संयन्त्रका रूपमा विकास गरिएको प्रधानमन्त्री ओलीले जानकारी गराउनुभयो ।

# सुरुङमार्फत पर्सा र बारामा पानी आपूर्तिको सम्भाव्यता अध्ययन गरिने

काठमाडौँ, ४ फागुन (रासस) । खानेपानी तथा ढल व्यवस्थापन विभागले हेटौँडाको राप्ती नदीबाट पर्सा र बारा जिल्लामा पानी आपूर्ति सम्भाव्यता अध्ययन गर्ने भएको छ । पानी आपूर्ति सम्भाव्यता अध्ययनका लागि विभागले परामर्शदाताहरूबाट आशयपत्र आह्वान गरेको छ ।

तराई मधेसका क्षेत्रहरूमा खानेपानीको समस्या समाधान गर्न खानेपानीमन्त्री प्रदीप यादवको पहलअनुसार खानेपानी तथा ढल व्यवस्थापन विभागले पानी आपूर्ति सम्भाव्यता अध्ययन गर्न परामर्शदाताहरूबाट आशयपत्रको आह्वान गरेको विभागका महानिर्देशक इन्जिनियर रामकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

राप्ती नदीबाट पर्सा र बाराका लागि पानी स्थानान्तरण अध्ययन, स्थानीय जलस्रोत अभावको दीर्घकालीन समाधान गरी जलस्रोतको दिगो उपयोग गर्न र जलवायु परिवर्तनको असर न्यूनीकरण गर्न महत्वपूर्ण रहने मन्त्री यादवले बताउनुभयो ।

उहाँले भन्नुभयो, "यो अध्ययनले उपयुक्त प्रविधि, लागत, वातावरणीय प्रभाव तथा सम्भाव्यताका अन्य पक्षहरू पहिचान गर्न मद्दत गर्नेछ । जसले भविष्यमा विस्तृत अध्ययन तथा कार्यान्वयनको आधार तयार गर्नेछ ।"

यसैगरी, जलवायु परिवर्तनका कारण नेपालको पानी स्रोतहरूमा गम्भीर असर परेको तथा तराई क्षेत्रमा भू–जलको सतह घट्दै गएको, मधेस प्रदेशका जिल्लाहरू, पर्सा र बारामा लामो समयदेखि खानेपानीको समस्याबाट ग्रसित रहेका, तराई मधेसका क्षेत्रहरूमा खानेपानीको समस्या उत्पन्न भएकामा त्यसको समाधान गर्न यो अध्ययन गर्न लागिएको विभागले जनाएको छ ।

उक्त अध्ययनका प्रमुख उद्देश्यहरूमा पानी अभावको मूल्याङ्कन, बारा र पर्सा जिल्लामा हालको पानी अभावको अवस्थाको अध्ययन गर्ने र पानीको मागको विश्लेषणअन्तर्गत आगामी २५ वर्षका लागि आवश्यक खानेपानीको प्रक्षेपण गरी दिगो समाधानका लागि सम्भावित जलस्रोतहरूको पहिचान गरिने रहेका विभागका महानिर्देशक इन्जिनियर श्रेष्ठले बताउनुभयो ।

उहाँका अनुसार राप्ती नदी तथा अन्य वैकल्पिक जलस्रोतहरूका गुणस्तर, उपलब्धता तथा स्थायित्वको मूल्याङ्कन, वातावरणीय र सामाजिक प्रभाव अध्ययन, जलस्थानान्तरण र वितरण संरचनाहरूले वातावरण र समुदायमा पार्ने प्रभावको प्रारम्भिक मूल्याङ्कन, लगानी र लागत लाभ विश्लेषण, परियोजनाको लागत र सम्भावित लाभहरूको अध्ययन गरिने छ ।

परियोजनाको कार्यक्षेत्र र अध्ययन प्रक्रियाअन्तर्गत अध्ययनको सेवा क्षेत्रअन्तर्गत बारा र पर्सा जिल्लाका भूभागहरू समावेश गरिएका छन्भने हाइड्रोलोजिकल, जियोलोजिकल र सामाजिक सर्वेक्षणहरू गरी जलस्रोतको उपयोग, जल स्थानान्तरण प्रणालीको प्रभावकारिता निर्धारण, पानी वितरण प्रणाली, टनेल पाइपलाइन संरचनाहरूको सम्भाव्यता अध्ययन गरिने इन्जिनियर श्रेष्ठले उल्लेख गर्नुभयो ।

हालको खानेपानी आपूर्ति प्रणाली भरपर्दो नभएको र गर्मी मौसममा थप सङ्कट देखिन थालेकाले अन्तर–बेसिनजल स्थानान्तरण वा अन्य वैकल्पिक उपायहरू अन्वेषण गर्न आवश्यक रहेको मन्त्री यादवले बताउनुभएको थियो ।

# 'वर्षा हुने बलियो मौसम प्रणाली छैन'

काठमाडौँ, ४ फागुन (रासस) । पश्चिमी न्यून चापीय प्रणालीका कारण शनिबार काठमाडौँ उपत्यकासहित देशभर मौसममा बदली आएकाले चिसो बढेको छ ।

मौसम बदली भए पनि यो कमजोर प्रणाली विकसित भएकाले पश्चिम क्षेत्रका केही ठाउँमा छिटपुट वर्षा भएको तर ठूलो पानी नपार्ने जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

विगतमा पनि यसैगरी प्रणाली विकास भएको बताउँदै महाशाखाकी वरिष्ठ मौसमविद् प्रतिभा मानन्धरले पानी पार्ने खालको भने भएको उल्लेख गर्नुभयो । आजको प्रणाली पनि त्यसैको निरन्तरता भएको मौसमविद्ले जनाएका छन् ।

वरिष्ठ मौसमविद् मानन्धरले भन्नुभयो, "पश्चिम क्षेत्रमा हल्का छिटपुट वर्षाको सम्भावना छ । आज देशैभर धुम्म बादल लागिरहेको छ, काठमाडौँमा पनि त्यही अवस्था हो, सुदूरपश्चिम, कर्णालीमा छिटपुट वर्षा हुने भए पनि कमजोर प्रणाली हो ।"

उहाँले यो हिउँदमा विभिन्न प्रणाली आए पनि वर्षा गराउने प्रणाली भने नआएको बताउनुभयो । विगतमा वर्षा कम गराउने आकलनअनुसार नै यसपालि वर्षा कम भएको जानकारी दिँदै उहाँले अझै पनि सुख्खा बढाउने बताउनुभयो । उहाँका अनुसार वर्षा गराउने प्रणाली भने कमजोर छ ।

"मौसम बदली भएसँगै शनिबार पुनः चिसो महसुस गरिएको छ । यद्यपि उपत्यकामा बिहान–बेलुका चिसो कायम छ । हिउँदको बीचमा एकपटक तापक्रम ह्वात्तै बढेको र फेरि घटेको थियो । यो वर्ष यसरी तापक्रममा निकै घटबढ भएको थियो", मौसमविद् मानन्धरले भन्नुभयो ।

अझै एक साता हालको जस्तै तापक्रम रहने र अर्को सातादेखि विस्तारै तापक्रम बढ्दै जाने उहाँले जानकारी दिनुभयो । "जाडोयाम लागेपछि नेपालमा राम्ररी पानी पर्न सकेको छैन । जसका कारण विभिन्न क्षेत्रका बालीनालीमा असर गरेको छ", उहाँले भन्नुभयो ।

## विश्व समाचार

# रेलवे स्टेसनमा भागदौड हुँदा मृत्यु हुनेको संख्या कम्तीमा १८ जनाको मृत्यु

नयाँदिल्ली, ४ फागुन (रासस/एएफपी) ।

भारतको राजधानी नयाँ दिल्लीस्थित एक रेलवे स्टेसनमा शनिबार राति भएको भागदौडका क्रममा परी मृत्यु हुनेको सङ्ख्या १८ पुगेको छ । विश्वको सबैभन्दा ठूलो धार्मिक जमघट महाकुम्भ मेलामा जान रेल चढ्न भेला भएका धार्मिक पर्यटकबीच रेल चढ्ने क्रममा भागदौड भएको हो । उत्तरी शहर प्रयागराजमा हुने कुम्भ मेलाले प्रत्येक १२ वर्षमा दशौँ लाख हिन्दू धर्मावलम्बीहरूलाई आकर्षित गर्दछ । फेब्रुअरी २६ मा समाप्त हुने उक्त कार्यक्रमका लागि रेल चढ्नका लागि भीडले सङ्घर्ष गरिरहेका बेला नयाँ दिल्लीको रेल स्टेसनमा भागदौड भएको हो । "अस्पतालमा १५ जनाको मृत्यु भएको म पुष्टि गर्न सक्छु। तिनीहरूलाई कुनै पनि देखिने चोट छैन । हाइपोक्सिया वा कुनै चोटका कारण मृत्यु भएको हुन सक्छ तर शव परीक्षणपछि मात्र यसको पुष्टि हुनेछ," नयाँ दिल्लीस्थित लोकनायक अस्पतालकी डेपुटी मेडिकल सुपरिटेन्डेन्ट डा. रितु सक्सेनाले एएफपीसँग बताउनुभयो । 'घटनामा अन्य ११ जना घाइते भएका छन्। तीमध्ये अधिकांशको अवस्था स्थिर छ र हाडजोर्नीमा चोट लागेको छ," उहाँले भन्नुभयो । शहरको अर्को अस्पतालका एक अधिकारीलाई उद्धृत गर्दै एनडीटिभीले भागदौडमा परी थप तीन जनाको मृत्यु भएको जनाएको छ । मृत्यु हुनेमा अधिकांश महिला र बालबालिका रहेका छन् । "म सन् १९८१ देखि कुल्लीको काम गर्दै आएको छु, तर मैले यसअघि यस्तो भीड कहिल्यै देखेको थिइनँ," रेलवे स्टेसनका एक पोर्टरलाई उद्धृत गर्दै 'टाइम्स अफ इन्डिया'ले लेखेको छ । प्रयागराजका लागि छुटेको विशेष रेलको प्लेटफर्म एकाएक सारिएपछि मानिसहरु आपसमा ठोक्किन थाले र एस्केलेटर र सिँढीमा खसेका थिए । रेलमन्त्री अश्विनी वैष्णवले दुर्घटनाको कारणबारे उच्चस्तरीय छानबिनको आदेश दिइएको बताउनुभएको छ । वैष्णवका अनुसार भक्तजनको भीड हटाउन नयाँ दिल्लीबाट थप विशेष रेल सञ्चालन भइरहेको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले भागदौडबाट आफू मर्माहत भएको बताउनुभएको छ । "शोकको यस घडीमा म आफ्ना प्रियजनहरू गुमाएका व्यक्तिहरूप्रति समवेदना व्यक्त गर्छु । घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दछु," उहाँले लेख्नुभएको छ । राजधानी क्षेत्र दिल्लीका गभर्नर विनयकुमार सक्सेनाले विपद् व्यवस्थापनका कर्मचारीलाई तैनाथ गर्न भनिएको र सबै अस्पतालहरू सम्बन्धित आपतकालीन अवस्थालाई सम्बोधन गर्न तयार रहेको बताउनुभएको छ । छ हप्तासम्म चल्ने महाकुम्भ मेला हिन्दू धार्मिक क्यालेन्डरको सबैभन्दा महत्त्वपूर्णमध्येको पर्व हो । अधिकारीहरूले गत महिना देखि नै करिब ५० करोड भक्तजनले यस पर्वको अवलोकन गरिसकेको बताएका छन् ।

# मौरिससका पूर्वप्रधानमन्त्री सम्पत्ति शुद्धिकरण मुद्दासम्बन्धी आरोपमा पक्राउ

पोर्ट लुइस, मौरिसस, ४ फागुन (रासस/एएफपी) ।

मौरिससको प्रहरीले पूर्वप्रधानमन्त्री प्रविन्द जगन्नाथलाई सम्पत्ति शुद्धीकरणको अनुसन्धानका लागि भन्दै पक्राउ गरेको छ । नाम नबताउने शर्तमा प्रहरी स्रोतले एएफपीलाई दिएको जानकारीअनुसार अधिकारीहरूले ६३ वर्षीय जुगनाथ र उहाँकी पत्नी कोबिता जुगनाथलाई आइतबार बिहान पक्राउ गरी केही घण्टा सोधपुछ गरेका थिए। कोबिता जगन्नाथलाई सोधपुछपछि रिहा गरिएको छ भने पूर्व प्रधानमन्त्री प्रविन्दलाई आइतबार बिहान कार्यालय समय सुरू भएपछि न्यायाधीशसमक्ष उपस्थित गराउने कार्यक्रम रहेको छ । एएफपीले देखेको प्रहरी घटनाको रिपोर्टमा अधिकारीहरूले अर्का एक संदिग्धको घरमा खानतलासी गरेको विवरण दिइएको छ, जसमा जुगनौथहरूको नाम, साथै लक्जरी घडी र विभिन्न मुद्राहरूको स्ट्याकहरू फेला परेका थिए । टापुको वित्तीय अपराध आयोगले शनिबार एक सूचना जारी गर्दै 'सम्पत्ति शुद्धीकरणको मुद्दा'को अनुसन्धानको हवाला दिँदै जुगनाथ दम्पती र अन्य दुई संदिग्धलाई देश छोड्न खोजेमा पक्राउ गर्न प्रहरीलाई निर्देशन दिएको थियो । सन् २०१७ देखि सन् २०२४ सम्म प्रधानमन्त्री बनेका जुगनाथ सन् १९६८ मा बेलायतबाट स्वतन्त्र भएदेखि नै मौरिससको नेतृत्वमा प्रभुत्व जमाएको वंशमध्ये एक वंशको प्रतिनिधित्व गर्ने नेता हुनुहुन्छ । उहाँले लामो समयदेखि चलेको विवादपछि मोरिससलाई चागोस टापुको सार्वभौमिकता पुनः प्राप्त गर्न बेलायतसँग ऐतिहासिक सम्झौता गर्नुभएको थियो । उहाँ र उहाँको लडाकु समाजवादी आन्दोलनले नोभेम्बरमा तनावपूर्ण चुनावमा नराम्रो हार बेहोरेको थियो। उहाँले तेस्रो पटक प्रधानमन्त्री बनेका मध्यवामपन्थी प्रतिद्वन्द्वी नवीन रामगुलामलाई पद हस्तान्तरण गर्नुभएको थियो । अभियानको क्रममा, दुवै शिविरहरूले बलियो आर्थिक वृद्धिको बावजुद जीवनयापनको लागत कठिनाइहरूको सामना गर्ने सर्वसाधारण मौरिसियालीको जीवन सुधार गर्ने वाचा गरेका थिए । चागोस सम्झौताअनुसार बेलायतले डिएगो गार्सिया टापुमा संयुक्त अमेरिकी सैन्य अड्डा स्थापनाका लागि लिजमा लिनेछ । मौरिसस र बेलायत दुवैले सम्झौताको अन्तिम शर्तमा अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले आफ्नो धारणा राख्ने बताएका छन् ।

# माली सुन खानी दुर्घटनामा ४८ को मृत्यु

बामाको, ४ फागुन (रासस/एएफपी) ।

पश्चिमी मालीमा गैरकानूनी रूपमा सञ्चालित सुन खानी भत्किँदा कम्तीमा ४८ जनाको मृत्यु भएको अधिकारीहरू र स्थानीय स्रोतहरूले बताएका छन् । माली अफ्रिकाको प्रमुख सुन उत्पादक देशहरू मध्ये एक हो र उत्खनन स्थलहरूमा प्रायः घातक पहिरो र दुर्घटनाहरू हुने गर्दछन् । विश्वका सबैभन्दा गरीब देशहरू मध्येको एक यस देशमा बहुमूल्य धातुको अनियमित खनन नियन्त्रण गर्न अधिकारीहरूले सङ्घर्ष गरिरहेका छन् । "आज १८:०० (स्थानीय समय) बजेसम्म भत्किएर मृत्यु हुनेको सङ्ख्या ४८ पुगेको छ", एक प्रहरी स्रोतले भन्यो, "केही पीडित पानीमा खसे । तिनीहरू मध्ये एक महिला पनि थिइन् जसको पिठ्युँमा बच्चा थियो ।" एक स्थानीय अधिकारीले खानी भत्किएको पुष्टि गरे भने केनिएबा गोल्ड माइनर्स एसोसिएसनले पनि मृत्यु सङ्ख्या ४८ रहेको जनाएको छ । पीडितहरूको खोजी जारी रहेको वातावरणीय सङ्गठनका प्रमुखले बताए । स्रोतहरूका अनुसार शनिबारको दुर्घटना एक चिनियाँ कम्पनीले पहिले सञ्चालन गरेको परित्यक्त स्थलमा भएको थियो । जनवरीमा दक्षिणी मालीको एक सुन खानीमा पहिरो जाँदा कम्तीमा १० जनाको मृत्यु भएको थियो र धेरैजना बेपत्ता भएका थिए । तीमध्ये धेरैजसो महिला थिए । ठीक एक वर्षअघि शनिबारको पहिरो गएकै क्षेत्रमा रहेको एक सुन खानी स्थलमा सुरुङ भत्किँदा ७० भन्दा बढी व्यक्तिको मृत्यु भएको थियो ।

# टिभिएसको 'अनस्टपेवल फ्रिडम' अभियान घोषणा




**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

टिभिएस मोटरसाइकलको आधिकारिक बिक्रेता जगदम्बा मोटर्सले 'अनस्टपेवल फ्रिडम' अभियानको घोषणा गरेको छ।

अपाचे राइडरहरुलाई दुई वर्षसम्मका लागि समस्यारहित लिमिटलेस राइड अनुभव प्रदान गर्ने उद्देश्यसाथ अभियानको घोषणा गरिएको राजविराजस्थित आराध्य अटो मोवाइल्स प्रालिका संचालक शैलेन्द्र कुमार साहले जानकारी दिए।

राजविराजस्थित आराध्य अटो मोवाइल्स टिभिएस मोटरसाइकलको एक मात्र आधिकारिक बिक्रेता हो।

जगदम्बा मोटर्सले आफ्नो लोकप्रिय फ्ल्यागसिप मोडेलहरू टिभिएस अपाचे आरटिआर १६० रिफ्रेस ४ भि एफ डि र अपाचे आरटिआर १६० २ भि रिफ्रेस बिटीका लागि रोमाञ्चक अफरको घोषणा गरेको हो।

विशेष अफरअन्तर्गत नेपालभरिका ग्राहकहरूले २ वर्षसम्मका लागि निःशुल्क स्पेयर पार्टस्, इन्जिन आयल र सर्भिस प्राप्त गर्न सक्नेछन्।

स्किमअन्तर्गत ग्राहकवर्गले ३१ हजार रुपैयाँसम्मको बचत गर्न सक्नेछन्। सुविधाले आफ्ना उपभोक्तालाई सहज र चिन्तारहित यात्रा तथा प्रयोग अनुभव प्रदान गर्ने कम्पनीको विश्वास छ।

टिभिएस अपाचे आरटिआर सिरिजले उन्नत रेसिङ प्रविधि उपयोग गर्दै ब्रान्डको 'रेसिङ डिएनए अनलिस्ड' को सिद्धान्तलाई प्रतिबिम्बित गर्दछ। सिरिजले रोमाञ्चक यात्रा गर्न मनपराउनेहरूका साथै दैनिक यात्रुहरूको आवश्यकतालाई समेत पूरा गर्ने कम्पनीको भनाइ छ।

ग्राहक सन्तुष्टि सुनिश्चितताका लागि टिभिएसको बाइक वा स्कुटरको खरिद गर्दा आजीवन वारेन्टी पनि टिभिएसले प्रदान गर्नेछ।

जगदम्बा मोटर्स प्रालि नेपालभर १४० भन्दा बढी डिलरहरुको बलियो राष्ट्रव्यापी वितरण सञ्जालका साथ टिभिएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ।

गुणस्तरीय उत्पादनहरु, बिक्रीपश्चातको उत्कृष्ट सेवा र देशभर जगेडा पार्टपुर्जाहरुको उपलब्धतामार्फत उपभोक्तालाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएको टु-ह्विलर ब्रान्डका रुपमा स्थापित छ।

# कुशहा-मौवहा-बेल्ही सडक जीर्ण

**दैनिक समाचारदाता**
**सिरहा, ४ फागुन ।**

राष्ट्रिय ग्रामीण यातायात सुदृढीकरण कार्यक्रमअन्तर्गत बनेको कुशहा-मौवहा-बेल्हीसडक जीर्ण हुँदा यात्रु र स्थानीय सास्ती खेप्न बाध्य भएका छन्। कलोपत्र उप्किएर सडक माटो र बालुवामा परिणत भएको सुरुङ्गा नगरपालिका-१० का रोशनकुमार साहको भनाइ छ।

विसं २०७६ मा बनेको सडकको स्तरोन्नतिका लागि सम्बन्धित निकायले चासो नराख्दा खाल्डाखुल्डी परेर जीर्ण भई सडकमा बालुवा उड्न थालेको छ। त्यसले गर्दा सडक छेउका घर धुलाम्मे देख्न थालेको छ। स्थानीयको स्वास्थ्यमा प्रतिकूल असर हुन थालेको बलानबिहुल गाउँपालिका-१ का स्थानीय रासिन्द्र यादवले बताए।

बलानबिहुलका अध्यक्ष खेमचन्द्र यादवले चाँडै सम्बन्धित निकायले पुनः सडक कालोपत्र गर्ने वातावरण नमिलाए आन्दोलनमा जान बाध्य हुने बताए। उनले गाउँपालिकाले सो सडक पुनःनिर्माणका लागि सङ्घदेखि प्रदेश सरकारलाई ध्यानाकर्षण गराएको जानकारी दिए। जिल्ला प्राविधिक कार्यालय राजविराज सप्तरीले पप्पु मृत सञ्जीवनी जेभी काठमाडौँलाई रु ११ करोड एक लाख ७९ हजार ५५२ मा ठेक्का दिएको थियो।

सप्तरीको सुरुङ्गा नगरपालिकाको कुशहा बजारदेखि भारतीय सीमावर्ती क्षेत्रमा पर्ने बलानबिहुल-४ बेल्हीसम्म करिब साढे १६ किलोमिटरसम्मको उक्त सडक योजनाअन्तर्गत सडक छेउमा वृक्षरोपण गर्ने भनिए पनि त्यसमा पनि चरम लापरबाही भएको थियो।

सडकको छेउछाउ लामो सयदेखि सफाइ नहुँदा बनमारा झाडी उम्रेर सडक कुरुप देखिन थालेको स्थानीय लक्ष्मीकान्त पासवानको भनाई छ। स्थानीयका अनुसार सो सडक स्तरोन्नतिको काम सम्पन्न गर्ने समयसीमा २०७३ साउन १० गते नै सकिएको थियो। ठेकेदार कम्पनीले 'ग्राभेल'को काम सकेर बाँकी काम अलपत्र छाडेको राजाराम यादवको भनाइ छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग इटहरीले विसं २०७५ कात्तिक १५ मा जिल्ला प्राविधिक कार्यालयसँग सो सडकको सम्पूर्ण विवरण माग गरी छानबिन थालेपछि ठेकेदार कम्पनीले सडकको काम तीव्र रूपमा अघि बढाएर कालोपत्र गरेको थियो। सडक निर्माण कम्पनीको सडकको काम सन्तोषजनक नरहेको भन्दै स्थानीयले तत्कालीन समयमा असन्तुष्टि जनाए पनि जिल्ला पूर्वाधार विकास कार्यालय सिरहाले ध्यान नदिँदा चाँडै सडक जीर्ण भएको स्थानीयको आरोप छ।

# खाद्य पदार्थमा विषादी औषधिको प्रयोग नगर्न माग

काठमाडौँ, ४ फागुन (रासस)। राष्ट्रियसभाका सांसदहरूले खाद्यपदार्थमा विषादी औषधिको प्रयोगसम्बन्धमा सरकारको ध्यानाकर्षण गराउनुभएको छ। राष्ट्रियसभाको आइतबारको बैठकको शून्य समयमा सांसद कृष्णप्रसाद पौडलले आम नागरिकको जीवनसँग सम्बन्धित दैनिक उपभोग्य वस्तु तरकारी र फलफूलमा विषादी प्रयोग अत्यधिक भएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो।

उहाँले भन्नुभयो, "विषादी मिसिएको तरकारी र फलफूलले आम जनतालाई रोगी बनाउँदै लगेको छ, विषादीको अत्यधिक प्रयोगले उभोक्ताको क्यान्सर, मुटु र मिर्गौलामा प्रत्यक्ष असर पार्ने गरेको कुरा तथ्याङ्कले प्रमाणित गरेको छ, त्यसैले खाद्य वस्तुमा मिसावट स्वीकार्य छैन।"

खाद्य वस्तुमा मिसावट गर्नु संविधानको धारा, ३५ मा उल्लिखित स्वास्थ्यसम्बन्धी हक र धारा, ३६ मा उल्लिखित खाद्यसम्बन्धी मौलिक हकको समेत ठाडो उल्लङ्घन हुने उहाँको भनाइ छ। उहाँले त्यसबारेमा सम्बन्धित निकायले समयमै अनुगमन गर्नुपर्ने माग गर्नुभयो।

सांसद उदयबहादुर बोहराले राष्ट्रिय लोक तथा दोहारी गीत प्रतिष्ठानले सल्यानको श्रीनगरमा आयोजना गरेको 'दोस्रो सल्यान महोत्सव' हुने क्रममा गत माघ २६ गते ११ बजे आगलागी हुँदा स्टलहरू जलेर करोडौँको क्षति भएको घटनाको सत्यतथ्य पत्ता लगाई दोषीमाथि कारबाही गरी व्यापारीलाई क्षतिपूर्ति व्यवस्था गर्नुपर्ने माग गर्नुभयो।

सांसद गोमादेवी तिमिल्सिनाले पशुपति विकास कोषमा कार्यरत ३७ जना मजदुर विगत लामो समयदेखि आन्दोलित भएको भन्दै उनीहरूको माग सम्बोधनको निम्ति सरकारसँग माग गर्नुभयो। उहाँले भन्नुभयो, "गत पुस १ गतेदेखि ३७ जना मजदुरहरू आन्दोलित छन्, ती मजदुरका बारेमा के भइरहेको छ, त्यसको सम्बन्धित निकायले जानकारी दिनुपर्छ।" उहाँले हेटौँडाको औद्योगिक क्षेत्रभित्र काम गर्ने क्रममा एकजना मजदुर विद्युत्‌का कारण घाइते भएको उल्लेख गर्दै घाइतेको उपचारमा ध्यान दिन सरकारको ध्यानाकर्षण गराउनुभयो।

# छुवाछूतका समस्या सम्बोधन गर्न विशेष प्रहरी 'डेस्क' गठन गरिने

काठमाडौँ, ४ फागुन (रासस)। गृहमन्त्री लेखकले जातीय विभेद र छुवाछूतका समस्या सम्बोधन गर्न विशेष प्रहरी 'डेस्क' गठन गर्ने बताउनुभएको छ।

संयुक्त राजनीतिक दलित सङ्घर्ष समितिको जातीय विभेदलगायत विषय सम्बोधन गर्न समितिका संयोजक लोकबहादुर विश्वकर्मा नेतृत्वको प्रतिनिधिमण्डलबाट ज्ञापनपत्र बुझेपछि उहाँले उक्त जानकारी दिनुभएको हो। "प्रहरी प्रधान कार्यालयमा एउटा डेस्क गठन गर्छु। त्यसलाई ७७ जिल्लामै डेस्क बनाउन निर्देश गर्छु," गृहमन्त्रीले भन्नुभयो।

जातीय विभेद निर्मूल गर्न सरकार लागिपरेको उहाँले बताउनुभयो। "संविधान निर्माणका क्रममा सबै समुदायका मौलिक हकलाई सुनिश्चिता हुनेगरी राख्नुपर्छ भन्ने मान्छे म हुँ। त्यही अनुसार सबै राजनीतिक दलबीच सहमति भएको हो। जातीय विभेद निर्मूल हुनुपर्छ भनेर म सधैँ लागिपरेको छु," गृहमन्त्रीले भन्नुभयो।

# खाजाघर आगलागी, मृत्यु हुनेको संख्या चार पुग्यो

काठमाडौँ, ४ फागुन (रासस)। कमलपोखरीस्थित शानदार म:म: पसलमा गत माघ २३ गते ग्यास लिक भइ आगलागी हुँदा घाइते भएका थप एकजनाको मृत्यु भएको छ।

आगलागीमा परी घाइते भइ कीर्तिपुरस्थित बर्न अस्पतालमा उपचारत काभ्रेपलाञ्चोक बेथानचोक गाउँपालिका धुनखर्क घर भइ हाल काठमाडौँ कमलपोखरी बस्ने २५ वर्षीय छिरिङ लामाको मृत्यु भएको जिल्ला परिसर काठमाडौँका प्रवक्ता एवम् प्रहरी उपरीक्षक अपिलराज बोहोराले राससलाई जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "आगलागीमा परी घाइते भएका लामाको गएराति मृत्यु भएको छ। हाल सात जनाको उपचार भइरहेको छ।"

यसअघि उदयपुरको उदयपुरगढी-७ घर भइ हाल काठमाडौँ बस्ने २२ वर्षीय प्रदीप तामाङ, मकवानपुरको मनहरी गाउँपालिका-५ डिल्लीपुरका १८ वर्षीय रबिन राई र उदयपुरको कटारी नगरपालिका-८ गालटारका २५ वर्षीय भीमबहादुर घले मगरको उपचारका क्रममा मृत्यु भइसकेको छ।

***बलान बिहुलको ...***

रुपमा पनि अवैध भएको जनाएका छन्।

यता गाउँपालिका अध्यक्ष खेमचन्द्र यादवले विशेष गाउँसभा ऐन कानुन अनुसार नै गरिएको दावी गर्दै उनले स्थानीय सरकार संचालन ऐनको परिच्छेद ४ को बुँदा नं. १९ मा व्यवस्था भए बमोजिम विधि प्रकियामै टेकेर विशेष गाउँसभा गरेको जानकारी दिए।

***कृषि विश्वविद्यालयको ...***

अध्यक्ष कृष्ण कुमार रामद्वारा हस्ताक्षरित ज्ञापन पत्रमा सो चेतावनी दिइएको छ।

मधेश कृषि विश्वविद्यालयको सिनेटको बैठक मधेश प्रदेश सरकारले सम्पन्न नगरेको कारण विश्वविद्यालय विगत केहि महिनादेखी समस्याग्रस्त रहेको जनाउँदै ज्ञापनमा विद्यार्थीहरुको पठन पाठन समेत अवरुद्ध भएकोमा संयुक्त विधार्थी संगठन सप्तरीको ध्यानाकर्षण भएको उल्लेख छ।

ज्ञापन पत्रमा "मधेश प्रदेश सरकारले समस्या सल्टयाउनुको सट्टा भन भाजो हाल्ने काम गरिरहेको कारण विद्यार्थीको पढन पाउने हकवाट वन्चित भएकोले मधेश प्रदेश सरकारका मुख्यमन्त्री र यस विश्वविद्यालयको कुलपति मुख्यमन्त्री सतिश कुमार सिंह र शिक्षामन्त्री विश्वविद्यालयका सहकुलपति मन्त्री रानीशर्मा तिवारीलाई अविलम्ब मधेश कृषि विश्वविद्यालयको समस्या समाधान गरी पठन पाठन सुचारु गर्न संयुक्त विधार्थी संगठन जोडदार माग गर्दछ।" उल्लेख छ।

# पेट्रोलको मूल्य बढ्यो, डिजेल/मट्टीतेलको घट्यो

**दैनिक समाचारदाता**
**राजविराज, ४ फागुन ।**

नेपाल आयल निगमले पेट्रोलको मूल्य बढाएको छ भने डिजेल र मट्टीतेलको मूल्य घटाएको छ। निगम सञ्चालक समितिको शनिबारको बैठकले मध्यरातदेखि लागू हुने गरी पेट्रोलको साबिककोे बिक्री मूल्यमा प्रतिलिटर रु एक बढाएको छभने डिजेल र मट्टीतेलको मूल्य प्रतिलिटर रु चारले घटाएको छ।

मूल्य समायोजनसँगै पेट्रोल पहिलो वर्गका लागि प्रतिलिटर १६५ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १६७ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर १६५ रुपैयाँ कायम भएको छ। यस्तै, डिजेल र मट्टीतेल पहिलो वर्गका लागि प्रतिलिटर १५३ रुपैयाँ ५० पैसा, दोस्रो वर्गमा १५५ रुपैयाँ र तेस्रो वर्गका लागि प्रतिलिटर रु १५६ रुपैयाँ कायम गरिएको छ।

निगमले चारआली, विराटनगर, जनकपुर, अमलेखगञ्ज, भलवारी, नेपालगञ्ज, धनगढी र वीरगञ्ज डिपो पहिलो वर्ग, सुर्खेत र दाङ दोस्रो तथा काठमाडौँ, पोखरा र दिपायलस्थित डिपोलाई तेस्रो वर्गमा वर्गीकरण गरेको छ।

इन्डियन आयल कर्पोरेसनबाट शनिबार प्राप्त नयाँ खरिद मूल्यअनुसार प्रतिलिटर पेट्रोलमा रु ०.५८ बढेर र डिजेलमा रु ३.५९ घटेर आएकाले मूल्य समायोजन गरिएको निगमले स्पष्ट पारेको छ।

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर,
**मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*